- **सरस्वती मन्दिर शिलान्यास कार्यक्रम सम्पन्न**

(२०८१ फागुन ०७ गते):

आज मिति २०८१ फागुन ०७ गते कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक राजन अधिकारीज्यूको प्रमुख आतिथ्यतामा मोरङको सुन्दरहरैचा नगरपालिका नं. ०९ गोठगाउँ स्थित कोशी प्रदेश प्रहरी तालिम केन्द्रको निर्माणाधीन परिसरमा प्रमुख अतिथिज्यूले सरस्वती मन्दिरको शिलान्यास गर्नु भएको थियो।

उक्त सिलान्यास कार्यक्रममा सुन्दरहरैचा नगरपालिका मोरङका मेयर केदार प्रसाद गुरागाँई, यस केन्द्रका समादेशक प्र.व.उ. अबि नारायण काफ्ले, नेपाल प्रहरी श्रीमती संघ कोशी प्रदेशकी उपाध्यक्ष सम्झना घिमिरे काफ्ले, जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक नारायण प्रसाद चिमरिया, जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रमुख सुमन कुमार तिम्सिना, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीका प्रमुख प्रहरी उपरीक्षक विनोद घिमिरे, कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्राविधिक प्रहरी उपरीक्षक हरी डंगोल, सुन्दरहरैचा नगरपालिका वडा नम्बर ०९ का वडा अध्यक्ष प्रकाश श्रेष्ठ, ईन्द्रपुर खानेपानी समितिका अध्यक्ष नवराज चापाँगाई, उद्योग वाणिज्य संघ सुन्दरहरैचाका पदाधिकारीहरू, संयुक्त राष्ट्रसंघिय परियोजना (UNOPS), ओम साई कन्ट्रक्सन प्रा.लि. का प्रतिनिधिहरू, सामुदायिक वन उपभोक्ता समिति सुन्दरहरैचाका पदाधिकारीहरू, स्थानिय बुद्धिजीवी, भद्र-भलादमीहरू, समाजसेवी, व्यवसायी पत्रकार तथा प्रहरी नायव उपरीक्षक, प्रहरी निरीक्षकहरू लगायतका अन्य प्रहरी कर्मचारीहरूको उपस्थिति रहेको थियो।



- **स्वागत कार्यक्रम सु-सम्पन्न:**

(२०८१ फागुन ०८ गते):

नेपाल सरकार, गृह मन्त्रालय (सचिवस्तर) को मिति २०८१/११/०२ गतेको निर्णयले जनपद प्रहरी समूह तर्फको प्रहरी निरीक्षक पदबाट सोहि समूहको प्रहरी नायव उपरीक्षक पदमा बढुवा हुनुभई तालुक नेपाल प्रहरी प्रधान कार्यालय मानवश्रोत विकास विभाग कर्मचारी प्रशासन शाखाको चलानी नम्बर ४८४१ मिति २०८१/११/०५ गतेको पत्र अनुसार यस तालिम केन्द्र दरबन्दीमा पदस्थापन हुनु भई आज मिति २०८१ फागुन ०८ गते हाजिर हुनु भएका प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यूलाई यस केन्द्रका समादेशक प्र.व.उ. अबि नारायण काफ्लेज्यू , प्रहरी निरीक्षक ज्यूहरु, जु.प्र.अ. लगायत कार्यक्रममा उपस्थित अन्य दर्जाका प्रहरी कर्मचारीहरुद्वारा अविर र खदा लगाई कार्यालयमा स्वागत कार्यक्रम सु-सम्पन्न भयो।



- **हिरासत तथा कारागार व्यवस्थापन (प्र.ज. देखि प्र.व.ह.) तालिम चौंथो समूहको उद्घाटन कार्यक्रम सम्पन्न:**

(२०८१ फागुन ०८ गते):

मिति २०८१ फागुन ०८ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको १० कार्यदिन अवधिको हिरासत तथा कारागार व्यवस्थापन (प्र.ज. देखि प्र.व.ह.) तालिम चौंथो समूहको तालिम संयोजक प्रहरी निरीक्षक मिलन थापाज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो।



- **प्रहरी जवान (जनपद) तर्फको प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा संचालन गतिविधिहरुको अवलोकन:**

(२०८१ फागुन ११ गते):

मिति २०८१।११।११ गते जिल्ला प्रशासन कार्यालय, मोरङका प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवज्यूले यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा भएको प्रहरी जवान (जनपद) तर्फको प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरूस्ती परीक्षा संचालन गतिविधिहरुको अवलोकन गर्नु भयो। यो परीक्षा मिति २०८१।०८।२१ गते प्रकाशित विज्ञापन अनुसार २०८१।१०।२८ गतेदेखि सञ्चालनमा रहेको थियो। भ्रमणको क्रममा, यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यूले परीक्षा संचालनका सम्पूर्ण स्थलगत प्रक्रिया बारे जानकारी दिनु भएको थियो।



- **सामूहिक जन्मोत्सवको शुभकामना आदान प्रदान, Tea with team साथै साँस्कृतिक कार्यक्रम सम्पन्न:**

(२०८१ फागुन १२ गते):

कोशी प्रदेश प्रहरी प्रमुख श्रद्धेय श्रीमान् प्रहरी नायव महानिरीक्षक राजन अधिकारीज्यूको प्रमुख आतिथ्यतामा फागुन महिनामा जन्मदिन पर्ने यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रका प्रहरी कर्मचारीहरु, सेवा कालिन तथा आधारभूत तालिममा प्रशिक्षणरत प्रशिक्षार्थीहरूको सामूहिक रूपमा जन्मोत्सवको शुभकामना आदान प्रदान कार्यक्रम, सहकर्मीसँग एक कप चिया Tea With Team (TWT) एवं यस केन्द्रको अतिरिक्त क्रियाकलाप अन्तर्गत आज मिति २०८१।११।१२ गते विविध साँस्कृतिक कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यू, नेपाल प्रहरी प्रदेश कार्यालय धरान सुनसरीका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक जय राज सापकोटाज्यू,कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ

उपरीक्षक गोविन्द अधिकारीज्यू, प्रहरी उपरीक्षकज्यूहरु,प्रहरी नायव उपरीक्षकज्यूहरू,प्रहरी निरीक्षकज्यूहरू, जुनियर प्रहरी अधिकृतहरु ,प्रशिक्षक वर्ग, प्र.का.स. तथा सेवा कालिन तथा आधारभूत तालिममा प्रशिक्षणरत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो ।



- मिति २०८१ फागुन १३ गते कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा दरबन्दी भई कार्यरत प्रहरी कर्मचारीहरू प्रहरी नायव निरीक्षक महेन्द्र बहादुर कार्की र प्रहरी जवान प्रज्वल बर्देवा काज खटिई अन्यत्र कामकाज गर्नेगरी जानू पर्ने भएको हुँदा यस केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरू प्रसाद तिम्सिनाज्यूले दुवै जनालाई आफ्नो जिम्मेवारी निष्ठा र ईमानदारीका साथ निर्वाह गर्नका लागि प्रेरित गर्दै आफ्नो कार्य क्षेत्रमा उत्कृष्टता प्राप्त गर्न समेत शुभकामना दिनु भयो।



- **नागरिक लगानी कोष साक्षरता कर्यक्रम सम्पन्न**

  (२०८१ फागुन २० गते):

  आज मिति २०८१/११/२० गते कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरुका लागि नागरिक लगानी कोष, शाखा कार्यालय विराटनगर मोरङका प्रमुख श्री तारानाथ भट्टराईज्यू लगायत चार जनाको टिमद्वारा एक दिवसीय "नागरिक लगानी कोष सम्बन्धी साक्षरता कार्यक्रम" सम्पन्न गरियो । उक्त कार्यक्रममा यस तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यू, प्रहरी नायव उपरिक्षक गुरु प्रसाद तिम्सिनाज्यू, प्रहरी निरिक्षकज्यूहरु, जुनियर प्रहरी अधिकृतहरू,प्र.ह./प्र.ज. हरु समेतको उपस्थिती रहेको थियो ।



- **प्यानल छलफल तथा समापन कार्यक्रम सम्पन्न**

  (२०८१ फागुन २१ गते):

  मिति २०८१ फागुन ०८ गतेबाट यस केन्द्रमा संचालन भएको १० कार्य दिन अवधिको हिरासत सुरक्षा तथा कारागार व्यवस्थापन (प्र.ज. देखि प्र.व.ह.) अनुशिक्षण तालिम चौंथो समूहको आज मिति २०८१ फागुन २१ गते यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यू, सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू, जिल्ला कारागार कार्यालय मोरङका कारागार प्रशासक गौरब ढुंगेलज्यू, बाल सुधार गृह मोरङ, विराटनगरका प्रमुख मिलन चौहानज्यू, जिल्ला प्रहरी कार्यालय मोरङका अनुसन्धान अधिकृत प्रहरी निरिक्षक हेमराज ओलीज्यू, तालिम संयोजक प्रहरी निरीक्षक मिलन थापाज्यू समेतको उपस्थितिमा प्रशिक्षार्थीहरुसंग "हिरासत सुरक्षा तथा कारागार व्यवस्थापन कार्यमा उत्पन्न हुने समस्याहरु र समाधानमा सरोकारवाला निकायहरुको भुमिका" विषयमा प्यानल छलफल कार्यक्रम सम्पन्न भयो।

  प्यानल छलफल पश्चात् यस केन्द्रका समादेशकज्यूको प्रमुख आतिथ्यतामा उक्त तालिमको समापन कार्यक्रम सम्पन्न भयो। समापन समारोहमा प्रमुख अतिथिज्यूले दीक्षित भई जाने सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्न हुन समेत निर्देशन दिनु भयो।

  उक्त कार्यक्रममा सह-समादेशकज्यू, तालीम संयोजकज्यू, सह-संयोजक, प्रशिक्षक वर्गहरू, लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो ।



- **प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न:**

  (२०८१ फागुन २३ गते)

  २०८१ फागुन ०५ गते बाट संचालन भईरहेको व्यक्तिगत सुरक्षा (प्र.ज. देखि प्र.व.ह) तालिम २८ औं समूहको पाठ्यक्रम कार्यतालिका बमोजीम आज मिति २०८१ फागुन २३ गते मोरङ जिल्लाको केराबारी गाँउपालिका वडा नं १०, आमटार स्थितमा प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी प्रमुख श्रद्धेय श्रीमान् प्रहरी नायव महानिरीक्षक राजन अधिकारीज्यू, यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्लेज्यू, कोशी प्रदेश प्रहरी कार्यलयका प्रहरी वरिष्ठ उपरीक्षक गोबिन्द अधिकारीज्यू, कोशी प्रदेश प्रहरी तालिम केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू, उक्त तालीमका तालीम संयोजक प्रहरी निरिक्षक ऋषि राज ढकालज्यू, लगायत जुनियर प्रहरी अधिकृत तथा केराबारी गाँउपालिकाका स्थानिय समाजसेवी, भद्रभलादमी यस केन्द्रका प्रशिक्षक वर्ग र प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो ।



- **कार्यदिन अवधिको कार्यालय संचालन दक्षता अभिवृद्धि (प्र.ज. देखि जु.प्र.अ.) २६ औं समूहको तालिम उद्घाटन कार्यक्रम सम्पन्न**

  (२०८१ फागुन २८ गते):

  मिति २०८१ फागुन २८ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको ३० कार्यदिन अवधिको कार्यालय संचालन दक्षता अभिवृद्धि (प्र.ज. देखि जु.प्र.अ.) तालिम २६ औं समूहको तालिम संयोजक प्रहरी निरीक्षक ऋषि राज ढकालज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो।



- **व्यक्तिगत सुरक्षा (प्र.ज. देखि प्र.व.ह.) तालिम २८ औं समूहको अन्तरक्रिया तथा समापन कार्यक्रम सम्पन्न:**

  (२०८१ फागुन २८ गते):

  मिति २०८१ फागुन ०५ गतेबाट यस केन्द्रमा संचालन भएको १८ कार्य दिन अवधिको व्यक्तिगत सुरक्षा (प्र.ज. देखि प्र.व.ह.) तालिम २८ औं समूहको आज मिति २०८१ फागुन २८ गते यस केन्द्रका निमित्त समादेशक प्रहरी नायव उपरीक्षक गुरू प्रसाद तिम्सिनाज्यूको प्रमुख आतिथ्यमा अन्तरक्रिया तथा समापन कार्यक्रम सु-सम्पन्न भयो।

  उक्त कार्यक्रममा दीक्षित भई जाने प्रहरी कर्मचारीहरुलाई प्रमुख अतिथीज्यू द्वारा शुभ-कामना एवं बधाई दिंदै कार्यक्षेत्रमा पाएको जिम्मेवारी अनुशासित, इमान्दार, कर्तव्यनिष्ठ, सभ्य र सुसंस्कृत हुँदै राज्य, संगठन र जनताप्रति इमान्दार भएर कार्यसम्पादन गर्नु हुन समेत निर्देशन दिनु भयो।

  उक्त कार्यक्रममा यस केन्द्रका प्रहरी निरीक्षक तालिम संयोजक ऋषि राज ढकालज्यू, प्रहरी निरीक्षक प्रभात लक्सम लिम्बुज्यू, जुनियर प्रहरी अधिकृतहरू, प्रशिक्षक वर्ग लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।

